(कार्यपालिका सदस्य बैठक)

बैठक संख्या : नवौं

मिति : २०७९ साल भाद्र ११ गते शनिबार
स्थान : मालिका गाउँपालिकाको सभाहल, ह्वारढ्याम्मे
अध्यक्षता : श्रीमान् बैजा प्रसाद अर्जुजा, अध्यक्ष, गा.पा.

उपस्थिति

श्रीमान् बैजा प्रसाद अर्जुजा, अध्यक्ष
श्रीमती लक्ष्मीदेवी घर्ती मगर पुन, उपाध्यक्ष
श्री हेमराज कापले, प्रमुख प्रशासकीय अधिकृत
श्री टेक प्रसाद पुन, अध्यक्ष, वडा नं १
श्री उदय कुमार बुढाथोकी, अध्यक्ष, वडा नं २
श्री मोति प्रसाद बुढा, अध्यक्ष, वडा नं ३
श्री मेजेन्द्रमान पुन, अध्यक्ष, वडा नं ४
श्री भिम पुन, अध्यक्ष, वडा नं ५
श्री पद्म ब. खाम अध्यक्ष वडा नं ६
श्री टेक बहादुर पुन, अध्यक्ष, वडा नं ७
श्री मन कुमारी पुन, कार्यपालिका सदस्य
श्री प्रतिक्षा वि.क., ,, ,,
श्री देवी पटेल, ,, ,,
श्री हरिदेवी घर्ती, ,, ,,
श्री दलबहादुर खड्काथोकी, ,, ,,
श्री अनुप गौतम, कार्यपालिका सदस्य/प्रवक्ता

प्रस्तावहरू

1. कृषक समूह गठन तथा व्यवस्थापन कार्यविधि, २०७९ सम्बन्धमा
2. नदीजन्य पदार्थको अवैध उत्खनन तथा ओसारपसार नियन्त्रण सम्बन्धमा
3. अवरुद्ध बाटो खुलाउने सम्बन्धमा
4. राहत तथा पुनर्स्थापना सम्बन्धमा

निर्णय

1. बैठकमा दफावार छलफल गरि पेश भएको 'कृषक समूह गठन तथा व्यवस्थापन कार्यविधि, २०७९' सर्वसम्मत पारित गरियो ।
2. गाउँपालिका क्षेत्रभित्र पर्ने विभिन्न नदीमा अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन भई ओसारपसार भएको पाइएकोले उक्त गतिविधिलाई कडाईका साथ नियन्त्रण गर्ने तथा अवैध उत्खनन गरी थुपारेर राखिएको बालुवा, गिट्टी लगायतका ढुङ्गा बगरको अनुगमन गरी प्राविधिकबाट नापजाँच गराई जिल्ला दररेट अनुसार बिक्री गराई राजस्व दाखिला गर्ने निर्णय गरियो ।

३. बर्षाका कारण विभिन्न स्थानमा पहिरोले बाटो अवरुद्ध हुँदा आवतजावतमा कठिनाई भएको र जनजीवनमा प्रत्यक्ष असर परेको हुँदा तत्काल सम्बन्धित वडा समितिबाट निर्णय गराई प्राविधिक कर्मचारीबाट नापजाँच गराई, लागत अनुमान गराई सार्वजनिक खरिद ऐन तथा नियमावली तथा अन्य प्रचलित कानुन कमोजिम आवश्यकता अनुसार उपभोक्ता समितिबाट गर्ने सम्भव भए समितिबाट समेत हेभी इक्विपमेन्ट लगाई अवरुद्ध बाटो खोल्ने निर्णय गरियो। उक्त कार्यका लागि विपद् व्यवस्थापन शिर्षकबाट खर्च लेख्ने निर्णय गरियो।

४. बाढी पहिरोका कारण भौतिक सम्पत्तिमा क्षति पुगेका, विस्थापित भएका परिवारलाई विपन्न भए/नभएको वडाबाट स्किन गरी वडाध्यक्षले गाउँपालिकामा राहत तथा पुनर्स्थापनाका लागि सिफारिस गर्ने र प्रति परिवार रु १५,००० (अक्षरेपि पन्ध्र हजार रुपैयाँ) मात्र मा नबढ्ने गरी राहत तथा पुनर्स्थापना शिर्षकबाट राहत उपलब्ध गराउने निर्णय गरियो।

गाउँपालिका ... गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश, नेपाल
स्था: २०७४